भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठकका निर्णयहरु
मिति : २०८१/०६/१४

नगर कार्यपालिकाको ३३औं बैठकको एजेन्डा

मिति : २०८१/०६/१४ गते
समय : विहान ७:३० बजे

१) गत बैठकका निर्णय समीक्षा सम्बन्धमा ।

२) विजय दशमी तथा शुभ दिपावली, २०८१ को शुभकामना सम्वन्धमा ।

३) भीमेश्वर ६ को पहिरोमा परी मृत्यु भएका मृतकहरुलाई दाहसंस्कार खर्च र जीवित उद्धार गरिएका बालकको पालनपोषण सम्वन्धमा ।

४) पहिरो पिडितहरुलाई अस्थायी बसोबासको व्यवस्था गर्ने सम्वन्धमा ।

५) सामी परियोजना कार्यान्वयन गर्ने सम्वन्धमा ।

६) सडक मर्मत सम्वन्धमा ।

७) भू तथा जलाधार व्यवस्थापन कार्यालय, दोलखाले भवन निर्माणको जग्गा व्यवस्थापनको लागि अनुरोध गरिएको सम्वन्धमा ।

८) राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता संचालन सम्बन्धमा ।

९) रैथाने बिउ खरिद कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

१०) आयोजना रकमान्तर शिर्षकान्तर

११) डिही फसिभै एकिकृत बस्ती सम्वन्धमा ।

१२) विविध सम्बन्धमा ।

क) महांकाल - बिसुन्टोल (काउले खोला) सडक (ग्याबिन र वाल) मर्मत सम्वन्धमा ।

ख ) पानी ट्यांकी निर्माण, काउले, भीनपा ७ सम्वन्धमा ।

ग) देउराली सुन्द्रावती पर्यटकीय सडक मर्मत सम्वन्धमा

घ) नाला छोप्ने ढकनी निर्माण वापतको रकम भुक्तानी सम्वन्धमा ।

ङ) भीनपा ९ की अनुका थामीलाई आर्थिक सहायता सम्वन्धमा ।

च) सेफ हाउसलाई आर्थिक सहायता सम्वन्धमा ।

छ) भीनपा ९ स्थित घट्टेखोला झोलुंगे पुल मर्मत सम्वन्धमा ।

ज र झ) रकम भुक्तानी सम्वन्धमा ।

ञ) नव दुर्गा पुजाका लागि आर्थिक सहयोग सम्वन्धमा ।

निर्णय नं. १ : यस नगरपालिकाको गत महिना बसेको नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको अवस्थाको समीक्षा गरियो ।

निर्णय नं. २ : बडा दशै (विजया दशमी) तथा शुभ दिपावली, छठ पर्व र नेपाल सम्वत, २०८१ को पावन अवसरमा सम्पूर्ण नगरवासीहरु तथा आम नागरिकहरुमा सुख, शान्ति तथा समृद्वीका लागि हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्ने निर्णय गरियो।

निर्णय नं. ३ : यहि मिति २०८१ असोज १०,११ र १२ गते आएको अविरल वर्षाको कारण यस नगरपालिका क्षेत्रका भौतिक संरचनाहरुमा क्षति पुर्याएको छ ।असोज १२ गतेको वर्षाको कारण यस नगरपालिका वडा नं. ६ घ्याङडाँडा निवासी राज कुमार भुजेलको घर पहिरोमा परी राज कुमार भुजेल, राधिका भुजेल र सुजन भुजेलको असामयिक निधन भएकोले मृतक परिवार प्रति हार्दिक श्रद्वान्जली अर्पण गर्दै भीमेश्वर नगरपालिकाको विपद व्यवस्थापन मापदण्ड बमोजिम ३ जना मृतकको रु १,००,०००/- (एक लाख) र दाहसंस्कार (सामाजिक) खर्च वापत प्रति व्यक्ति रु १५,०००/- (पन्ध्र हजार) का दरले उपलव्ध गराउने र एक मात्र जीवित बालक युवराज भुजेलको पालन पोषणका लागि अर्को राम्रो व्यवस्थापन नहुन्जेलसम्मका लागि मासिक १०,०००/- (दश हजार) सि. नं. ५९ को उद्वार, राहत तथा पुनस्थापना र सहयोग खर्च शीर्षकबाट निजको संरक्षकलाई उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४ : मिति २०८१ असोज १०,११ र १२ गते आएको अविरल वर्षाको कारण यस नगरपालिका वडा नं. ६ घ्याङडाँडा बस्तीमा बसोबास गर्ने रत्नमाया भुजेल, पूर्ण कुमार तामांग र बुलु भुजेलको घर पूर्ण रुपमा क्षति भएकोले अस्थायी बसोबास तथा खाद्यान्न व्यवस्थापनका लागि भीमेश्वर नगरपालिकाको विपद व्यवस्थापन मापदण्ड बमोजिम प्रति परिवार रु १५,०००/- (पन्ध्र हजार) का दरले उपलव्ध गराउने निर्णय गरियो । साथै यस नगरपालिकाबाट शोक बिज्ञप्ति प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : बैदेशिक रोजगारमा जाने नागरिकहरुको हक हित संरक्षण/कानूनी परामर्शका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा सन्चालित सामी परियोजना यस नगरपालिकामा समेत चालु आ.व. मा सन्चालन गर्न मनोसामाजिक परामर्शकर्ता (सहायक पाँचौ) १ जनाका लागि ५० प्रतिशत र आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता (सहायक पाँचौ) १ जनाका लागि १०० प्रतिशत सशर्त अनुदान प्राप्त भएको छ ।

उक्त परियोजना सन्चालन गर्ने सन्दर्भमा यस नगरपालिकामा कार्यरत जनशक्तिबाटै व्यवस्थापन गर्ने गरी सन्चालन गर्न मनोसामाजिक परामर्शकर्ता (सहायक पाँचौ) १ र आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता (सहायक पाँचौ) १ गरी २ जना जनशक्ति सिफारिस गर्न सुशासन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ६ : बडा दशै तथा शुभ दिपावली, २०८१ को लागि नागरिकहरुको यातायातको पहुँचलाई सहज गर्न तथा हालैको अविरल वर्षाको कारण आवागमनमा अवरोध पुगेका सडकहरुको अवरोध हटाउने तथा सडक मर्मत गर्न तपसिलका वडाहरुमा देहाय बमोजिमको रकम सि.नं. १६८ को मर्मत सम्भार कोषमा बिनियोजन भएको रकमबाट सडक मर्मत गर्ने निर्णय गरियो ।

| वडा | रकम | कैफियत |
|---|---|---|
| १ | ५०००० | पचास हजार |
| २ | ५०००० | पचास हजार |
| ३ | २५००० | पच्चीस हजार |
| ४ | ४०००० | चालिस हजार |
| ५ | ५०००० | पचास हजार |
| ६ | २५००० | पच्चीस हजार |
| ७ | ५०००० | पचास हजार |
| ८ | ४०००० | चालिस हजार |
| ९ | ७०००० | सत्तरी हजार |

निर्णय नं. ७ : भू तथा जलाधार व्यवस्थापन कार्यालय, दोलखाले चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रममा कार्यालय भवन निर्माण गर्न जग्गा आवश्यक भएकोले जग्गा व्यवस्थापन गरिदिन अनुरोध भई आएकोले तहाँ कार्यालयबाट उपर्युक्त स्थान (कि.नं. र खेत्रफल) एकिन भई आएमा नियमानुसार सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : भीमेश्वर नगरपालिका क्षेत्रभित्र सन्चालित सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरुको प्रधानाध्यापकहरुको मिति २०८१ असोज ७ गते बसेको बैठकबाट स्थानीय तहस्तरीय राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता, २०८१ कार्तिक २१ गतेबाट भीम मा.बि., दोलखाले सन्चालन तथा व्यवस्थापन गर्नेगरी भएको निर्णयलाई अनुमोदन गर्दै उक्त बिद्यालयबाट राष्ट्रपति रनिंग शिल्ड

प्रतियोगिता, २०८१ सन्चालनका लागि पेश भएको प्रस्तावित खर्च रु १६,२२,६००/- (सोह्र लाख बाईस हजार छ सय रुपैया मात्र) मा सि.नं. १२४ को राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता सन्चालन शीर्षकको अधिनमा रही स्थानीय, जिल्लास्तरीय, प्रदेशस्तरीय, केन्द्रिय स्तरीय सबै खेललाई समेटी आगामी बैठकमा शिक्षा, युवा तथा खेलकुद शाखाले प्रतिवेदन पेश गरे पश्चात गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : यस नगरपालिकाको चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम भीमेश्वर नगरपालिकामा उत्पादित रैथाने बिउ (धन, गहुँ, कोदो, फापर) खरिद कार्यक्रम विनियोजित रकम रु ४,००,०००/- (चार लाख) बाट बिउ खरिद तथा वितरणका लागि नगरपालिकाको ७५ प्रतिशत अनुदान र कृषकहरुको २५ प्रतिशत सहभागिता रहने गरी खरिद प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १० : भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत आयोजना तथा कार्यक्रममा रहेको देहायका आयोजनाहरु संशोधनका लागि वडा समितिको बैठकबाट निर्णय गरी सम्वन्धित वडा कार्यालयबाट सिफारिस भई आएकोले आगामी नगर सभाबाट अनुमोदन गराउने गरी तपसिल बमोजिम रकमान्तर/शिर्षकान्तर /योजना संसोधन गर्ने निर्णय गरियो ।

वडा न.८

| क्र.स | बजेट शि.नं. | साविकको आयोजना | रकम रु. | संशोधित आयोजना | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ५२७ | गर्भवती तथा सुत्केरी महिला पोषण कार्यक्रम | २,००,०००/- | कडेन खानेपानी आयोजना | २,००,०००/- |
| २ | ५३६ | चोक्टी-ठुलनागी - माने - गौचरण -पाङलिङ खानेपानी निर्माण | १२,००,०००/- | (क) भांगे गोरेटो बाटो निर्माण कार्यक्रम<br>(ख ) चोक्टी-ठुलनागी -माने -गौचरण पाङलिङ खानेपानी निर्माण | २,००,०००/-<br>१०,००,०००/- |
| ३ | ५३७ | ओडारे -च्यानडाँडा दाहसंस्का गृह मर्मत | २,००,०००/- | वडास्तरीय सडक मर्मत सम्भा कार्यक्रम | २,००,०००/- |
| ४ | ५३८ | गोठीगाउँ - लप्से - सेर- कृषि कार्कीगाउँ -डिलाघर गोरेटो बाटे निर्माण | १७,००,०००/- | क)लप्से कुलामुनी सडक निर्माण कार्यक्रम<br>ख)गोठीगाउँ - लप्से - सेर- कृषि- कार्कीगाउँ -डिलाघर गोरेटो बाटो निर्माण | २,००,०००/-<br>१५,००,००० |
| | | | | | |

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठकका निर्णयहरु
मिति : २०८१/०६/१४

| | | | | | |
|---|---|---|---|---|---|
| वडा नं. ३ | | | | | |
| | २७१ | सहर्पा चिसापानी सिढी निर्माण | २,५०,०००/- | सहर्पा खानेपानी आयोजना | २,५०,०००/- |
| वडा नं. २ | | | | | |
| | ३२० | कोसेली घर व्यवस्थापन | २,००,०००/- | सडक मर्मत/सरसफाई कार्य | २,००,०००/- |
| वडा नं. ९ | | | | | |
| | ५५४ | नालाकुलो व्यवस्थापन (भिरकुना ) | २,००,०००/- | पात्ले भिरकुना पहिरो/खरिढुंगा सिढी बाटो | २,००,०००/- |

**निर्णय नं. ११ :** भीमेश्वर नगरपालिका वडा नं. ४ स्थित डिही फसीभै एकिकृत बस्ती विकासको नापीको कामका लागि नापी कार्यालय, दोलखालाई अनुरोध गर्ने र सो को लागि आवश्यक बजेट भीमेश्वर नगरपालिकाले व्यवस्थापन गर्ने तथा प्रस्तावित डिही फसीभै एकिकृत बस्तीका सम्पूर्ण कित्ताहरू रोक्का गर्न मालपोत कार्यालय, दोलखालाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ विविध :**

क) भीमेश्वर नगरपालिका वडा नं. ७ काउले बस्तीमा मिति २०८१ असोज १०, ११ र १२ गतेको अविरल वर्षाको कारण खानेपानी ट्यांकीमा क्षति भएकोले उक्त बस्तीमा खानेपानी सुचारु गर्ने सि.नं. २७२ को सार्वजनिक निर्माण पुजीगत सुधार तथा संरक्षण कार्यक्रमबाट रु १,००,०००/- (एक लाख) उपलव्ध गराउने निर्णय गरियो ।

ख) यस नगरपालिका वडा नं. ७ र ५ जोड्ने अनाथालय - महांकाल काउले सडक अन्तर्गत काउले खोला खण्डमा सडक भासिएकोले सि.नं. १७० को विपद व्यवस्थापन कोषबाट रु १,००,०००/- (एक लाख मात्र) खर्च गर्ने गरी उक्त सडक खण्ड मर्मत सम्भार गर्ने निर्णय गरियो ।

ग) यस नगरपालिका वडा नं. १ स्थित देउराली सुन्द्रावती पर्यटकीय सडक मर्मत कार्यका लागि सि.नं. २६२ को नगर पूर्वाधार निर्माण मर्मत तथा स्तरोन्नति कार्यक्रमबाट रु १,००,०००/- (एक लाख मात्र) खर्च गर्ने गरी उक्त सडक खण्ड मर्मत सम्भार गर्ने निर्णय गरियो ।

घ) यस नगरपालिका वडा नं. ३ र ६ स्थित मुख्य बजार क्षेत्रमा रहेका नालाको ढकनी छोप्ने कार्यको प्राविधिक मूल्यांकन बमोजिम सि.नं. २६२ को नगर पूर्वाधार निर्माण मर्मत तथा स्तरोन्नति कार्यक्रमबाट भुक्तानी दिने निर्णय गरियो।

ङ) भीमेश्वर नगरपालिका वडा नं. ९ बस्ने बिक्रम थामीको अनुका थामी जोखिममा रहेकोले निजलाई अर्को निर्णय नहुन्जेलसम्मका मासिक रु ३,०००/- (तीन हजार) सि. नं. ५९ को उद्धार, राहत तथा पुनस्थापना र सहयोग खर्च शीर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठकका निर्णयहरु
मिति : २०८१/०६/१४

च) यस नगरपालिका वडा नं. ३ स्थित आवाज नेपालद्वारा सन्चालित सेफ हाउसमा आश्रित महिला तथा बालबालिकाहरुका लागि सि.नं. ५२ को विविध कार्यक्रम खर्चबाट रु २०,०००/- (बिस हजार) उपलव्ध गराउने निर्णय गरियो ।

छ) भीमेश्वर नगरपालिका वडा नं. ९ स्थित घट्टेखोला झोलुंगे पुल पहिरो रोकथाम कार्यका लागि सि.नं. २६२ को नगर पूर्वाधार निर्माण मर्मत तथा स्तरोन्नति कार्यक्रमबाट रु १,००,०००/- (एक लाख मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

ज) भीमेश्वर नगरपालिकामा निर्माणाधीन ढल आयोजनाको भुक्तानी सि.नं. २३६ बाट पछि स्रोत भर्ना हुने गरी हाल भुक्तानी दिने निर्णय गरियो ।

झ) भीनपा ६ स्थित निर्माण सम्पन्न भएको सातदोवाटो सपिंग कम्प्लेक्सको भुक्तानी बा.सि.नं. २०३ बाट रु ३०,००,०००/- (तीस लाख) रकमान्तर गरी भुक्तानी दिने निर्णय गरियो ।

ञ) सातदोवाटो चोकमा सन्चालन हुने नव दुर्गा पुजाका लागि जात्रा पर्व शीर्षक नं. ४१ को कार्यक्रम खर्च (धार्मिक साँस्कृतिक तथा जात्रा पर्व) नगरपालिकाको अन्य क्षेत्र कार्यक्रमबाट रु ५०,०००/- उपलव्ध गराउने निर्णय गरियो ।

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३